# आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

छायाँनाथ रारा नगरपालिका

कर्णाली प्रदेश,मुगु

जिल्ला नेपाल ।

छायाँनाथ रारा नगरपालिका मुगुका नगर प्रमुख श्री विष्णु कुमार भाम ज्यूबाट प्रस्तुत आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम ।

सभामा पेश मिति २०८२।०३।१०

नगर सभाका सदस्य तथा

प्रमुख अतिथि,विशिष्ठ अतिथि र अतिथि ज्युहरु

नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ४ दफा १९ बमोजिम यस छायाँनाथ रारा नगरपालिकाको १७ औं नगर सभाको गरिमामय सभामा बार्षिक नीती तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतान्त्रात्मक राज्य स्थापना गर्नको लागी र यो देशको रक्षाको लागि बलिदान गर्नु हुने सम्पुर्ण ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक सद्धासुमन अर्पण गर्दछु । घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुप्रति उच्च सम्मानका साथ सहानुभुति प्रकट गर्दछु । छायाँनाथ रारा नगरपालिकाका नागरिकको प्रतिनिधीमूलक यस गरिमामय नगरसभा र छायाँनाथ रारा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को मार्गदर्शनको रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । हामी जन प्रतिनिधिहरू यस छायाँनाथ रारा नगरपालिकामा निर्वाचित भई नगरबासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै छायाँनाथ रारा नगरपालिका लाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानका साथ **"समृद्ध छायाँनाथ रारा नगरपालिका सुखी नगरबासी"** को नारा लिई सोही अनुरुपको दीर्घकालीन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडि बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्ध छौ ।आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत भई रहेको यस अवसरमा स्थानीय सरकार मार्फत गाउँगाउँमा अधिकार र विकास जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौती दुवै हो । छायाँनाथ रारा नगरपालिकामा जडीबुटी व्यापार, पर्यटन, कृषि र पशुपालनको उच्च सम्भावना छ । भौगोलिक विकटता र भिरालो जमिन भएकाले यहाँ बसोबास गर्नेहरुको जीविकोपार्जनको मुख्य स्रोत,कृषि जडीबुटी, व्यापार तथा पशुपालन नै हो ।

सिहंदरवारको अधिकार स्थानीय सरकार गठन संगै गाउँगाउँमा आएको करिब ८ बर्ष भइसकेको छ । बिशेष गरी समृद्ध नगरपालिका र सुखी नगरबासीको परिकल्पनाका साथ यस छायाँनाथ रारा नगरपालिकाले विगत बर्ष देखि शिक्षा, स्वास्थ्य,खानेपानी,बिधुत, सडक यातायात भौतिक पुर्वधार कृषि,पुशपालन पर्यापर्यटन,वन वातारवण ,धार्मिक कला साँस्कृतिक,सुचना सञ्चारका क्षेत्रमा काम गर्दै आइरहेको र जन चाहानाको आधारमा योजना छनोट देखि बिभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अवगत गराउँद छु । आर्थिक वर्ष

२०८२/८३ को नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्दाको अवस्थामा यस नगरको आन्तरिक आय, नेपाल सरकारबाट प्राप्त हुने  वित्तीय समानीकरण, शसर्त, समपूरक र विशेष अनुदान, प्रदेश सरकारबाट प्राप्त समपूरक र विशेष अनुदान, राजस्व बाँडफाँट लगायतका स्रोतमा अपेक्षा गरेअनुरूप वृद्धि नहुँदा स्रोत अभावका कारणले प्राथमिकतामा राखिएका नगरको समग्र विकासमा महत्त्व राख्ने जनअपेक्षित कतिपय विकास आयोजना प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकिएको चालु आर्थिक वर्षको यथार्थता हाम्रा सामु प्रष्ट छ ।

तरपनी भ्रष्टचार निर्मुलका लागि राजनीति लाई व्यबसाय पेसा, कमाई खाने भाडो राज्यको सम्पति दोहन नगर्ने र नगराउने जन श्रमदान अभियान अझै शसक्त बनाउन लागी रहने छु ।नेपालको संविधान,चालु पञ्चवर्षिय योजना, नेपाल सरकारको क्षेत्रगत नीति तथा कार्यक्रम, स्थानीय तहको बार्षिक योजना तथा वजेट तर्जुमा दिगदर्शन,२०७४, अर्थ मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकारको वजेट सीमा तथा मार्गदर्शन,स्थानिय सरकार सञ्चालन ऐन,२०७४ छायाँनाथ रारा नगरपालिकाको पार्श्वचित्र, विभिन्न क्षेत्रगत नीति,मार्गदर्शन,आवश्यकता र जनचाहनाका साथै संस्थागत आवश्यकतालाई हृदयगमन गरी यो नीति तथा कार्यक्रम तयार गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ अनुरुप नगर सभामा पेश गरेको छु ।

- **दीर्घकालीन सोच : "समृद्ध छायाँनाथ रारा नगरपालिका निर्माणको आधार – कृषि, उद्योग, पर्यटन , व्यापार र पूर्वाधार ।**
- **"सुशासन,पारदर्शिता,जवाफदेहिता आजको आवश्यकता,भष्टचार मुक्त नगरपालिका बनाउने प्रतिवद्धता"**
- **"स्थानीय स्रोत साधनको सदुपयोग गरौ,स्वरोजगार भई आत्मनिर्भर बनौ"**

## ❖ लक्ष्य तथा उद्देश्य

छायाँनाथ रारा नगरपालिकालाई भष्टचार मुक्त नगरपालिका बनाउने अभियान अन्तरगत यस नगरपालिकामा आर्थिक रुपले सक्षम, भौतिक रुपले सम्पन्न, राजनीतिक रुपले समावेशी/सहभागितामुलक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित नगरको रुपमा विकास गर्नु नगरपालिकाको लक्ष्य तथा उद्देश्य रहनेछ ।

छायाँनाथ रारा नगरपालिका भौगोलिक विकट भिरालो जमिन अवस्थिति बसोबास रहेको र यस नगरपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका आर्थिक समृद्धि र सामाजिक रुपान्तरणमा टेवा पुग्ने, क्षेत्रगत सन्तुलन कायम राख्ने योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस

क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ । विकास व्यवस्थापनका दृष्टिले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिएको छ ।

सोही अवधारणा अनुरुप दीर्घकालीन दृष्टिकोण सहित नगरको समग्र विकासको खाका तयार गरी कार्यान्वयनका लागि बृहत्तर नगर विकास गुरुयोजना तर्जुमा गर्ने कार्य शुरु गरिनेछ ।

छायाँनाथ रारा नगरपालिकाको विकासको लागि आवधिक योजना निर्माण गर्ने, मध्यकालिन खर्च संरचना बमोजिम बजेट निर्माण तथा खर्च गर्ने अभ्यासको थालनी गरिनेछ । नगरपालिका क्षेत्र भित्र अगामी आ.व.२०८२/०८३ मा जनताको मागमा आधारित आयोजनाहरु टोल वस्तीबाट सहभागीतामूलक रुपमा छनोट र प्राथमिकता निर्धारण गरी उपलव्ध स्रोतसाधनलाई जनताको माग बमोजिम उपयुक्त क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ ।

यसको लागि नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा दातृ निकायबाट प्राप्त हुने अनुदान रकम र स्थानीय स्तरबाट संकलन भएको राजश्व रकमलाई समन्यायीक वितरणको सिद्धान्त बमोजिम विनियोजन गरी प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

उपस्थित **प्रमुख अथिति,विशिष्ठ अथिति र अथिति ज्युहरु** सम्पुर्ण नगरसभा सदस्यज्यूहरु, छायाँनाथ रारा नगरपालिकाका १७ औं नगर सभाको यस स्वर्णिम अवसरमा उपस्थित सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु प्रति न्यानो अभिवादन ब्यक्त गर्दै छायाँनाथ रारा नगरपालिका लाई भष्टचारमुक्त नगरपालिका ,सफा, स्वच्छ, समुन्नत,नगरको रुपमा विकास गर्ने र रोजगारी सृजनाका साथै श्रमदान अभियान लाई निरन्तरता दिने हाम्रो अभियानमा मार्गदर्शन, सहयोग र सुझावको अपेक्षा सहित आ.व २०८२।०८३ को यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

छायाँनाथ रारा नगरपालिका लाई समृद्ध नगरपालिका सुखी नगरबासीको चाहनालाई परिपूर्ति गरी आर्थिक, सामाजिक, शिक्षा,स्वास्थ्य,पूर्वाधार, वातावरणीय र सुशासनको क्षेत्रमा प्रथामिकताका साथ समृद्ध नगरपालिका निर्माणमा जोड दिईने प्रतिवद्धता गर्द्छु ।

:प्राथमिकता क्षेत्र :

- ❖ पूर्वाधार विकास (सुधारिएको सडक)
- ❖ कृषिमा यान्त्रिकिकरण आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- ❖ शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- ❖ गुणस्तर तथा सर्ब सुलभ स्वास्थ्य सेवामा सुधार
- ❖ सूचना प्रविधि तथा सञ्चारमा विकास
- ❖ उद्यम र रोजगारीको विकास
- ❖ प्राकृतिक विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पूनःर्स्थापन, पूनःनिर्माण

- ❖ पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- ❖ स्वच्छ खानेपानी र सरसफाई व्यवस्थापन
- ❖ लैङिगक तथा सामाजिक समावेशिकरण
- ❖ खेलकुद गतिविधि संचाल

१.आर्थिक क्षेत्र :

- नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, का आधारमा छायाँनाथ रारा नगरपालिको आर्थिक ऐन साथै प्रचलित ऐन कानून तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नगर बासीहरूको क्षमता, स्थानीय श्रोत र अन्य नगरपालिको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिनेछ ।
- यस नगरपालिका बाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।
- राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । नगरपालिकाको राजस्व सुधार कार्य योजनावद्ध गरिनेछ । "राजस्व संकलन- भार होइन, समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान निरन्तर सञ्चालन गरिने छ
- राजश्व शाखालाई थप क्रियाशील बनाउन आवश्यक कर्मचारीको ब्यवस्थापन गरिने छ ।
- यस नगरपालिका भित्रका कर्मचारीको हितका लागि कल्याण कोष स्थापना गरि निरन्तरता दिईने छ ।

## २ . सडक तथा भौतिक पुर्वधार :

- यो आर्थिक बर्षमा छायाँनाथ रारा नगरपालिका गमगढी लावान्ना हुदै रोवा सडक खण्ड वडा नं १० र ११ मा पर्ने रुमखोलामा आर. सि.सि पक्की पुल निमार्ण गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका रेडक्रस पिना राताचौर सडक वडा नं.१,२,४ ६ र ७ अन्तरगत लेत्याखोलामा आर. सि.सि पक्की पुल निमार्ण गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका वडा १४ को सुम्ली गाउँमा सडक र बेलिबृज निर्माण गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका वडा नं.२ मा पर्ने गमगढी बजारमा बौद्ध धर्मालम्बीहरुका लागि दुई तले गुम्बा निर्माण गरिने छ ।

- मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका रंगशाला (खुल्ला मञ्च) मा पूर्वाधार निर्माणका लागि आवाश्यक बजेट व्यवस्थापन गरिने छ ।
- नगरपालिकाको अधुरो प्रशासकिय भवनलाई चालु आर्थिक वर्षमा पूर्णता दिई सेवाग्राहीमैत्री बनाइनेछ ।
- छायाँनाथ रारा नगरपालिका वडा नं.२ ससुराली डाँडामा पार्क निर्माणका लागि संघिय सरकार,प्रदेश सरकार र स्थानीय सरकारको सयूक्त लगानीमा पार्क निर्माण गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका एक मात्र क्यामपस नाउर बहुमुखी क्यामपसमा भवन निर्माणका लागि आवाश्यक बजेट व्यबस्थापन गरिने छ ।
- सडक संञ्जाल विस्तार गरि यो आर्थिक बर्षमा थप २ वटा नगर बस खरिद गरिने छ ।
- "नियमित मर्मत सम्भार - दिगो सडकको आधार" भन्ने मुल मर्मअनुसार एक प्रतिशत मर्मत सम्भार कोषमा कट्टा गर्ने नीति कार्यान्वयन गरिने छ । नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकासका योजनामा विनियोजित बजेटको चार प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी आयोजनाको सञ्चालन व्यवस्थापन गरिने छ ।
- नगर क्षेत्रभित्र प्रचलित कानुन बमोजिम भवन निर्माण ईजाजत प्राप्त नगरी निर्माण भएका भवन तथा स्थायी संरचनालाई स्वीकृत भवन तथा योजना मापदण्ड पूरा गरेकाको हकमा भवन नियमित गरिदिने तथा अन्यको हकमा अभिलेखीकरण गरिने छ ।
- यो आर्थिक बर्ष बाट मर्मत सम्भारकोष तथा पुर्ननिमार्ण कोष स्थापना गरिने छ ।
- नगरपालिका अन्तरर्गत संघन शहरीको बजेट बाट बसपार्क, गमगढी हाटबजार, सडक आर सिसि, गमगढी बजारमा नाला निमार्ण लगायतका भौतिक योजना निमार्णमा जोड् दिईने छ ।
- घर नक्सा पास प्रक्रिया छिटो छरितो ढंगबाट सम्पादन गर्नका लागि अनलाइन नक्सा इजाजत प्रणाली Electronics Building Permit System -EBPS_ सञ्चालनमा ल्याइने छ ।
- नगरपालिका भित्रका ठूला पूर्वाधार निर्माण परियोजनाहरुको कार्यको विस्तृत परियोजना प्रतिवेदन -DPR_ र विस्तृत इन्जिनियरिङ ढाँचा -DED_ विभिन्न संस्थासँगको सहकार्यमा तयार गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिने छ ।
- भवन निर्माण इजाजतसम्बन्धी कानुनको पुनरावलोकन गरी मापदण्ड विपरीत निर्माण भएका भवनको व्यवस्थापनका लागि कानुन निर्माण गरिनेछ ।
- छायाँनाथ रारा नगरपालिका वडा भित्रका गाउँ गाउँ सम्मको सडक विस्तारको लागी सडक निमार्णको कार्यमा जोड गरीने छ ।

- छायाँनाथ रारा नगरपालिकाको रेड्क्रस देखी  वालै पिना सडक, गमगढी देखी ताल्च सल्लेरी सडक, लुम्स शोभा सडक खण्ड, गमगढी बाम सडक खण्ड, गमगढी फुली सडक खण्ड र रोवा सडक खण्डलाई केही भागमा ग्राविल र केहि भागमा RCC गरि नगर स्तरिय चक्रपथ निर्माणमा जोड दिईने छ ।
- छायाँनाथ रारा नगरपालिका भित्रका १ देखी १४ वडा सम्मका नगरवासी हरुलाई यातायातको सहज पहुँचका लागि  गत आर्थिक बर्ष देखि दुई वटा नगर बस सञ्चालनमा ल्याईएको र तत्काल गमगढी ताल्च सल्लेरी सम्म र गमगढी रुगा,लुम हुदै बाम र गमगढी घाट हुदै लुम्स सम्म बस सेवा निरन्तर सञ्चालनमा रहेका छन । यो आर्थिक बर्ष बाट नयाँ दुई बस खदिर गरी गमगढी रेड्क्रस वालै पिना, गमगढी निगाले फुलि, र गमगढी चराप गाडपानी हुदै रोवा सम्म सहुलियत भाडा कायम गरी नगर बस सञ्चालनमा ल्याइने छ ।
- छायाँनाथ रारा नगरपालिका भित्रका सबै बस्तीहरुमा खोला खोल्साका कारण आवत जावतमा समस्या भएका ठाउंमा झोलुङ्गे पुल निर्माण गरीने छ ।
- छायाँनाथ रारा नगरपालिकाको मापदण्ड अनुसार सदरमुकाम गमगढी क्षेत्रमा ४ मिटर, न्युरोड सडकमा ८ मिटर र शाखा सडकमा ३ मिटरको सडक हुने गरि निति ल्याईने छ ।
- रारा पुग्ने पर्यटकले गाँस,वासको सास्ती खेपेका जनगुनासो आएकाले रेड्क्रस देखी वालै, पिना सडक लाई यो आर्थिक बर्ष बाट अविलम्व संचालनमा ल्याई एक रात, गमगढी वाँस भन्ने कार्यक्रम सञ्चालन गरी पर्यटकलाई स्थानीय संस्कृतिको मनोरञ्जन प्रदानका लागि ब्यबस्था मिलाईने छ ।
- नगरको आवधिक योजना स्वीकृत भई सकेको सन्दर्भमा सो योजनामा समावेश भएका नीति कार्यक्रम तथा योजनाहरुलाई सम्बोधन हुने गरी मध्यमकालीन खर्च संरचना एवम् नगरको दिर्धकालिन विकास रणनीति बमोजिमका कार्यक्रमसँग तादाम्यता मिलाई नगरको पूर्वाधार योजना सञ्चालन गरिनेछ ।

## ३ शिक्षा युवा तथा खेलकुद :

- दीगो विकास लक्ष्य र मुख्यतः लक्ष्य नं ४ का शिक्षासँग सम्बन्धित लक्ष्य प्राप्तिका लागि प्रभावकारी कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।
- विद्यालयको व्यवस्थापनमा सुशासन प्रवर्धन र पारदर्शिता कायम राख्नका लागि विद्यालयका प्रधानाध्यापकलाई जिम्मेवारी सहितको उत्प्रेरणामूलक कार्यक्रमको प्रबन्ध मिलाइने छ ।
- छायाँनाथ रारा नगरपालिका एक मात्र क्यामपस नाउर बहुमुखी क्यामपसमा डिग्री पठन पाठनका लागि आवाश्यक पहल गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीका लागि नेतृत्व विकास तालिम, शिक्षक, कर्मचारी, बालविकास केन्द्रका

सहजकर्ताहरुको लागि तहगत र विषयगत रूपमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

- विद्यार्थीलाई मनोरञ्जनात्मक तवरले सिक्ने अवसरको सिर्जना गर्दै सिपमूलक सिकाइको सुनिश्चिताका लागि “**सुनौलो शुक्रबार**” कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासलाई एकअर्कामा साटासाट गर्ने अवसरको सिर्जना तथा आपसी सद्भाव र सहयोगमा शिक्षकको क्षमता विकास गरी समग्र शैक्षिक उन्नयनमा प्रभावकारी रुपान्तरणको थालनीका लागि मार्ग प्रसस्त गरिनेछ ।
- युवा उद्यमशीलता प्रवर्द्धनका लागि नेपाल सरकारद्वारा जारी सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान सम्बन्धी कार्यविधि कार्यान्वयनमा सहजीकरण गरिने छ ।
- “मेयरसँग युवा“ कार्यक्रम अन्तर्गत युवामा स्वयंसेवा, सकारात्मक सोच, उद्यम प्रवर्धन तथा कुलत दुर्व्यसन नियन्त्रण सम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रम मार्फत युवा सशक्तीकरण गरिनेछ ।
- युवाको नेतृत्व विकासमा जोड दिँदै युवा प्रतिभा प्रदर्शनका अवसर सिर्जना गरिनेछ ।
- विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ शील्ड लगायत खेलक्षेको विद्यालयस्तरीय प्रतिस्पर्धा गराईने छ ।
- अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी  विशेष खेल प्रतियोगिता आयोजना गरिनेछ ।
- यो आर्थिक बर्ष बाट श्री महाकाली नमुना माध्यामिक बिद्यालयमा प्राविधिक धारा डिप्लोमा सिभिल इन्जिनियर पठनपाठन अध्ययन सुरु गरीनुका साथै पहिलो चरणमा ४८ जना सम्मको अध्ययन गर्ने ब्यबस्थापन मिलाईने छ ।
- शैक्षिक बहस : नगरपालिकाको शिक्षा सुधारका लागि प्रत्येक महिनाको एक पटक प्रधानध्यापक संगको बैठक सञ्चालन गरी शिक्षका सवालमा शैक्षिक बहस गरिने छ ।
- यो आर्थिक बर्ष बाट लागु हुने गरी गुणस्तरी शिक्षामा जोड्दिन आधारभुत तह कक्षा ५ को परिक्षा नगरपालिका बाट लिने ब्यबस्था मिलाईने छ ।
- प्रारम्भिक बाल बिकासमा लगानी सहित प्रारम्भिक बाल बिकास केन्द्रमा अध्यापन गराउने स.का हरुको क्षमता अभिवृद्धि कार्यक्रममा जोड दिईने छ ।
- बिद्यालय टाढा भई बालबालिका लाई पठनपाठनमा असहजता भएका बस्तीहरुमा प्रारम्भिक बाल बिकास केन्द्रको स्थापनमा जोड दिईनेछ
- छायाँनाथ रारा नगरपालिका भित्र रहेका ४५ वटा सामुदायिक बिद्यालयमा पक्की भवन सहित मैत्रीपुर्ण बिद्यालय संरचना निमार्णमा जोड्दिईने छ ।

- छायाँनाथ रारा नगरपालिका र छा-याँ, नेपालको लागत साझेदारीमा संचालित कक्षा ९ देखि १२ सम्मको सिभिल ईन्जिनीयर तर्फको २३ जना जेहेन्दार विद्यार्थिहरु लाई शैक्षिक छात्रावृति कार्यक्रम यो बर्षपनि निरन्तरता गरिनेछ ।
- नगर क्षेत्रका विद्यालयमा गुणस्तरीय शिक्षा कायम गर्न शिक्षक विद्यार्थीहरु लाई नियमित गरी पठन पाठन तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउन हरेक मंगलबार शैक्षिक संस्था तथा स्वास्थ्य संस्था छड्के अनुगमन तथा सुपरिवेक्षण अभियान लाई निरन्तता दिईने छ ।
- विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक सामग्रीको व्यवस्था गरिने छ । दिवा खाजामा जंक फुट प्रयोगमा पूर्णतया निषेध गरिने छ ।साथै ४५ वटा बिद्यालयहरुमा हरेक शुक्रबार पनी दिवाखाजाको ब्यबस्थापन गरीने छ ।
- नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय,फर्निचरको ब्यबस्था आई.सि.टि र विज्ञान प्रयोगशालाको व्यवस्था गरिने छ ।
- खुल्लामञ्ज तथा रंगशालाका लागि छायाँनाथ रारा नगरपालिका वडा नं १ लाईम भन्ने स्थानमा २३०२९ वर्गमिटर भएको जग्गा प्राप्ती संगै यो आर्थिक बर्ष बाट जग्गा धनीहरु लाई जग्गा मुआब्जा वितरण संगै ख्ल्लामञ्ज तथा रंगशालाका निमार्ण कार्य दुत्तरुपमा अगाडि बढाईने छ ।
- खेलकुद क्षेत्रको बिकासका लागि यस बर्ष मेयर कप २०८२ खेलकुद प्रतियोगिता सञ्चालन गरीने छ।

**४.स्वास्थ्य :**

- बिकट स्थानमा बसोबास गर्ने नगरबासीमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सम्बन्धित वडाको स्वास्थ्य संस्था मार्फत सेवा प्रवाहको प्रवन्ध मिलाइनेछ ।
- छायाँनाथ रारा नगरपालिका १ मा रहेको गुम हेल्थपोस्ट लाई स्तरबृद्धि गरी आधारभुत नगर अस्पताल सञ्चालन भएकाले यो आर्थिक बर्ष बाटख १० शैयाको नगर अस्पतालमा संचालन गरी गुणस्तरीय सेवा विस्तार गरीने छ ।
- सामुदायिक नर्सिङ्ग कार्यक्रम : प्रत्येक वडामा मातृ शिशु सुरक्षा, परिवार नियोजन, संक्रमण रोग, पोषण, स्वास्थ्य शिक्षा प्ररामर्श सेवा संचालन गर्नका लागि आवश्यक पहल गरीनेछ ।
- छायाँनाथ रारा नगरपालिका,मुगुले महिला,किशोरी र बालाबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदे्श्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथामीतामा राखी कार्यक्रम कार्यन्वयन निरन्तता दिईने छ ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानीय शासन कार्यक्रमलाई अबलम्बन गरी आगामी आ.व. २०८२/०८३ मा कम्तीमा दुई वडाका चार वटा टोललाई पोषणमैत्री नमुना टोल घोषणा गरी वा सो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- लागु औषध दुर्व्यशनि धुम्रपान ,मध्यपान सम्बन्धी राय सुझाब संकलनका लागि वडा तथा जिल्ला स्तरीय कार्यक्रम संचालन लाई निरन्तता गरिने छ । सुधार गृह भवन भौतिक पूर्वाधार निर्माण भएकाले यो आ.व बाट सेवा प्रवाह संचालनमा ल्याईने छ ।
- उप प्रमुख संग न्यून आय भएका गर्भवती सुत्केरी महिला भेटघाट कार्यक्रम लाई यो आर्थिक बर्षमा पनि निरन्तता दिईने छ ।

## ५ कृषि तथा पशुपंक्षी विकास तर्फ

- कृषक पहिचान गरी कृषक परिचय पत्र वितरण गरी कृषकले पाउने सेवा सुविधा तथा अनुदानका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि स्थानीय कृषकको माग, बजारको माग तथा भूगोल अनुकूल कृषक पाठशाला सञ्चालन गरिनेछ ।
- बढ्दो जलवायु परिवर्तनलाई कम गर्न तथा विषादीरहित उत्पादनलाई प्रोत्साहन गर्नका लागि प्राङ्गारिक मल उत्पादन, माटो परीक्षण, विषादी परीक्षण, खाद्य परीक्षण तथा Plant Clinic सञ्चालन गरिनेछ ।
- कृषिमा युवाको आर्कषण बढाई युवा रोजगारी सिर्जना गर्नका लागि कृषि युवा लक्षित कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय उत्पादनको प्रबर्धन र बजारीकरणका लागि रैथाने बाली संरक्षण एवम् समर्थन मूल्यका कार्यक्रम सञ्चालन गरिनेछ ।
- संभाव्यताका आधारमा फलफुल तथा तरकारी उत्पादन एवम् प्रशोधनका कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- कृषियोग्य जमिनमा सिँचाइ योजना कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कृषि उपजको प्रबर्द्धन गर्न यान्त्रीकरणमा सहयोग गर्ने, उत्पादित उपजलाई बजारीकरण गर्ने, विमाको व्यवस्था गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।
- कृषकलाई प्रोत्साहन गर्न कृषि प्रर्दशन, कृषक सम्मान तथा सहलगानीका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- यस नगरपालिकामा उत्पादन हुदै आएका रैथाने बाली लोप हुदै गएकाले छायाँनाथ रारा नगरपालिकामा यो आर्थिक बर्षबाट रैथाने बालिको बिउ बैक स्थापना गर्ने र अन्य तरकारी बालीको बिउ निशुल्क वितरण गर्ने ब्यबस्था मिलाईने छ ।
- छायाँनाथ रारा नगरपालिकाको वडा नं ६, १० र १४ लाई आलु पकेट वडा नं ८,३,९,१२ लाई सिमी पकेट र वडा नं ४,५,१० र १४ लाई स्याउ पकेट र वडा नं ७ र १४ लाई ओखर पकेट क्षेत्र घोषण गरी कृषक लाई प्रोत्साहन गरीने छ ।
- छायाँनाथ रारा नगरपालिका वडा नं १४ को बाम वडा नं ६को मुन्दुमा ब्यबसायिक मौरीपालन,भेडा बाखापालनको लागि सम्भाब्यता अध्ययन गरी त्यसै अनुरुप कार्ययोजनाको निमार्ण गरी कार्यक्रम लागु गरीने छ ।

- कृषकहरुलाई कृषमा जोडदिन उत्प्रेरीत गर्न हरेक बर्ष कृषि मेला प्रर्दशनीको आयोजना गरी उत्कृष्ट कृषकहरु लाई सम्मान गरीनुका साथै पुष्प खेती गर्ने किसानहरु लाई अनुदान दिने ब्यबस्था मिलाईने छ ।
- रैथाने बालि लोप हुदै गएकाले त्यसको संरक्षण प्रर्वधनको लागी कृषि बिकास कार्यालय लगायत अन्य सहयोगी संस्थाको सहयोगमा रैथाने बाली प्रर्दशनी मेला सञ्चालन गरीनेछ
- नगरपालिका भित्र रहेको बाँझो जग्गाहरूको एकिकृत तथ्याङ्क सङ्कलन गरी सो को उपभोग ब्यवस्था मिलाउन भूमि बैंङ्कको अवधारणा शुरु गरिनेछ ।
- एक वडा एक कृषि उत्पादन" कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना कृषि प्राविधिक राख्ने ब्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।
- कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ ।

<u>पशु पन्छी तर्फ</u>

- गरिब, विपन्न, एकल महिला, दलित तथा विदेशबाट फर्केका युवाका लागि मागमा आधारित पशुधन कार्यक्रम सञ्चालन गरी पशु व्यावसाय मार्फत् आयआर्जन गर्न प्रोत्साहित गरिनेछ ।
- पशुपालन व्यवसायलाई बढीभन्दा बढी उत्पादनमूलक र व्यावसायिक बनाउन र बजारको माग, युवाको आर्कषण, स्थानीय हावापानी सुहाउदो र वातावरणीय हिसावले अनुकूलन हुने गरी रैथाने बाखा भेडा प्रबर्धन,, कुखुरा तथा गाई प्रबर्धन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि तथा पशुपालन सम्बन्धी कार्यमा प्रोत्साहित गरिने छ । सामूहिक रुपमा १० रोपनी र सोभन्दा माथि जग्गा भाडामा लिई कृषि सम्बन्धी कार्य गर्ने कृषकलाई निश्चित अनुदानको व्यवस्था गरिने छ ।
- कृषिमा यान्त्रिकरण आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगरपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन जोड दिने नीति लिइनेछ ।
- नगर प्रमुख संग गोठाला (खकालो)कार्यक्रम : छायाँनाथ रारा नगरपालिका क्षेत्रका प्रत्येक वडाहरूमा ब्यवसायिक रुपमा पशुपालन गदै आउनुभएका कृषकहरुलाई गोठाला (खकालो)कार्यक्रम मार्फत प्रतोत्साहन गर्ने कार्यक्रमलाई निरन्तता दिईने छ ।

## <u>६ संस्कृति पर्यटन, उद्योग, व्यापार :</u>

- छायाँनाथ रारा नगरपालिका भित्र ब्यवसाय गर्दै आएका ब्यवसायिले नगरपालिकामा अनिवार्य ब्यवसाय दर्ता गराउनु पर्ने र नगरपालिकामा ब्यवसाय दर्ता नगराई संचालन गरेको पाईएमा कानुनि कारर्वाहिका साथै ब्यवसाय बन्द गरिनेछ ।

- समयमा कर तिर्ने उद्योगी व्यवसायीहरूलाई नगरपालिका बाट सम्मान कार्यक्रम गरिने छ साथै सबैभन्दा धेरै कर तिर्ने उत्कृष्ट करदाताहरूको नामावली नगरपालिकाको वेब साइटमा प्रकाशन गरिने छ ।
- रारामा पर्यटन प्रहरी आल स्थाई पोष्ट निर्माण भएकोले सल्लेरीमा जग्गा नामसारी र भवन निर्माणका लागि पर्यटन विभागमा आवाश्यक पहल गरिने छ ।
- पर्यटन प्रर्बद्धनका लागि रारामा थप २ वटा बोर्ड थप गरिने छ ।
- रारा सल्लेरी, ताल्चा, लामाचौर, भाभ्कघट्ट, मुर्मागाउँमा ४० वटा छायाँनाथ रारा नगरपालिकामा दर्ता भएका होमस्टे हरुलाई नगर पालिका बाट थप प्रोत्साहन दिईने छ।
- लगानी सम्मेलन बाट मुर्मा टपमा फाइव स्टार रिर्सट र सल्लेरीमा मिनि रिर्सट निर्माण हुने भएकोले निर्माण कार्य सहजीकरणका लागि जोड दिईने छ ।
- महिलाको नाममा दर्ता भएका उद्योग व्यवसायीहरूलाई विशेष सहुलियत प्रदान गरिने छ । स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाको पहिचान र विकाससँग सम्बन्धी मेला, महोत्सव सञ्चालन गरिनेछ ।
- रारा ताल सल्लेरी,ताल्च, गमगढीमा केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवंम पर्यटक मैत्री बनाउने नीति अबलम्वन गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका भित्र का धार्मिक तथा पर्यटकिय ऐतिहासिक महत्वका महत्वपुर्ण मठ मन्दिर,तिर्थस्थलको संरक्षण प्रवर्धन गरिने छ ।
- पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकासका लागि नीजि क्षेत्र उद्योग वाणिज्य संघ लगायत विभिन्न निकाय संग आवश्यक समन्वय र सहकार्यमा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ
- यस नगरक्षेत्र भित्र पर्ने प्रमुख धार्मिक स्थलहरुलाई पर्यटकीय गन्तव्य समेतको रुपमा विकास गर्न राराताल, छायाँनाथ, ऋणमोक्ष मन्दिर, ठाकुर ज्यूले लात्ती हानेको ढुङ्गा कोटेश्वर मन्दिर, कोटेश्वर चमेरा गुफा, मालीका महादेब,कालीका मालीका मन्दीर , थार्पमस्टो, रारा महादेब, गडुलन्वानी ,दुदेधह,पंचदेवल ,भ्यारी महादेब,सेतीबाडा, ढुम,कार्कीबाडा का मालीका मन्दीर लगायतका क्षेत्रको पूर्वाधार विकासको लागि विशेष पहल गरिनेछ ।
- राराको पर्यटन बिकास र पर्यटक लाई मध्यनजर रारामा भौतिक पुर्वधार निमार्ण तथा राराको बिकास गुरुयोजना निमार्ण गरिने छ ।
- प्रविधिको बिकास संगै कला सस्कृति,बाजा,हुड्के,ढाल,हरिनो,दमाहा,सुनाई, नरसिहं जस्ता बाजा लोप हुदै गएकाले बाजा संरक्षणमा जोड् दिई बाजा संरक्षण संगै आधुनिकिरणमा जोड्दिनुका साथै बाजा प्रर्दशनी गरिने छ ।
- चंखेली हिमाल पर्यटन प्रवर्द्धनका लागि गुरु योजना निर्माण गरिनुका साथै चंखेली हिमाल पर्यटकिय पदमार्ग जागरण अभियान संचालन गरिने छ । चंखेली हिमाल

वरपर रहेका ताल र शोभा माथी रहेका तालको खोजी गरी ताल संरक्षणमा जोड् दिईने छ ।

- छायाँनाथ रारा नगरपालिका लाई पर्यटकीय नगरीको रुपमा विकास गर्न नगरभित्र रहेका प्राकृतिक, धार्मिक, साँस्कृतिक (सौन्दर्यीकरण) लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ
- आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्धन गर्न नगर क्षेत्रभित्र रहेका रारा, चंखेली हिमाल, कृणमोक्ष ,छायाँनाथ मन्दिर कालिका मालीका मन्दिर,थार्प मस्टो बामाको सातदह दुध ताल लगायत महत्त्वपूर्ण पर्यटकीय स्थलको प्रचार-प्रसार गरी पर्यटक लक्षीत कार्यक्रम सञ्चालन गरीने छ ।
- निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन क्षेत्रलाई प्रबर्धन गर्न समन्वय गरिने छ ।
- राडीपाखी, जडिवुटी, फापर, कोदो, सिमी लगायतका उत्पादनलाई विशेष प्रथामिकता दिई लेवलिङ, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणकामार्फत् स्थानीय उत्पादनलाई प्रबर्धन गरिनेछ

## ७ बिधुत .सिंचाइ खानेपानी,सरसफाई :

- :बत्ति नपुगेको छायाँनाथ रारा नगरपालिका भित्रका लह,लापु,तिर्प,सोभा,कम्फा र सुम्ली बस्तीमा बिधुत सेवा यो आर्थिक बर्षमा पुऱ्याईने तथा पहल गरिने छ ।
- छायाँनाथ रारा नगरपालिका वाडा नं.१ देखि १४ वडाका करिव यो आर्थिक बर्षमा ३१ वटा ठाउँमा बृहत सिंचाई तथा साना सिंचाई आयोजनाहरु संचालनमा ल्याईने छ ।
- यू.एस.ए.आईडी कर्णाली प्रदेश जल परियोजना
- नगर उज्यालो कार्यक्रम : छायाँनाथ रारा नगरपालीका भित्र आवश्यकता अनुसार नगर उज्यालो कार्यक्रम सञ्चालन गरी यहि आथिक बर्षमा ५० वटा सडक बत्तिहरु जडान गरीनेछ ।
- .नगरक्षेत्र भित्र खानेपानीको सहज पँहुच पुऱ्याउन सवै वस्तीहरुमा खानेपानी योजना संचालन गर्ने गरी सुरु गरिएको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- USAID कर्णाली जल परियोजनाको सहयोगमा छायाँनाथ रारा नगरपालिका मुगुसँग साझेदारी संचालन गरी हाल अलपत्र पारिएका यस नगरपालिकाको विभिन्न वडा बस्तीहरु क्रमशः १,६,७,८ र १२ वडामा संचालित खानेपानी योजनाका निरन्तरताका लागि नगरपालिकाले व्यवस्थापन गरिएकोछ ।
- “जलवायु तथा विपद् उत्थानशिल संरचना निमार्णमा हाम्रो साझा सरोकार” भन्ने संकल्पका साथ खानेपानी तथा सरसफाइ क्षेत्रको मर्मत, संभार तथा निर्माण गर्दा जलवायु तथा विपद् उत्थानशिल सम्बन्धी क्रियाकलापहरुलाई अनिवार्य रुपमा आत्मसाथ गरिने छ ।

- नगरपालिका भित्र नयाँ निर्माण गरिने सबै खाले विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा अनिवार्य रुपमा पहुँचयुक्त खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको व्यवस्था मिलाईनेछ ।
- गमगढी क्षेत्रको फोहोरलाई व्यवस्थित गर्दै फोहोरलाई स्रोत मै वर्गीकरण गर्ने र डम्पिङ्ग साईटको व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने खानेपानी धारा,बालमैत्री,अपाङ्गमैत्री र महिलामैत्री सहज पुहँच पुग्ने किसिमका योजना निर्माणमा जोडदिईने छ ।
- नेपाल सरकारको दिगो विकास लक्ष्य अनुसार सन २०३० सम्म हरेक घरमा १ सुरक्षित खानेपानि पुयाउने लक्ष्य बमोजिम एक घर एक धारा निमार्ण कार्यलाई निरन्तता दिईने छ

## ८ महिला बालबालिका तथा जेष्ठ नागरिक :

- नगरलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउन परिवार, टोल, विद्यालयलगायत सरोकारवाला लाई जिम्मेवार बनाउँदै बालमैत्री स्थानीय तह घोषणाका सूचक पूरा गर्दै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालमैत्री स्थानीय शासनयुक्त पालिकका घोषणा गरिनेछ ।
- लैङ्गिक हिंसामुक्त नगर निर्माणको लागि लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार विरुद्धमा निरोधात्मक उपाय अवलम्बन गर्दै प्रभावित महिला र बालबालिकालाई उद्दार राहत, पुर्नस्थापना, मनोसामाजिक परामर्श सेवा तथा पारिवारिक पुनर्मिलनका लागि अल्पकालीन सुरक्षित आश्रयस्थलको सञ्चालनलाई निरन्तरता दिदैं लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।
- महिलालाई विभिन्न किसिमका सीपमूलक तालिम तथा अर्न्तनिहित प्रतिभा प्रस्फुटनका लागि वृहत कला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । साथै अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गर्दै आयआर्जनमा जोड दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिलाई दैनिक जीवनयापनमा सहजता तुल्याउनको लागि सहायक सामाग्री वितरण तथा प्रशासनिक कामकाजमा बहिरा व्यक्तिसँगको संबाद सहजीकरणको व्यवस्था मिलाइनेछ ।
- छाउपडी प्रथा, बालविवाह न्युनिकरणका ,कु प्रथा कुरीती, जातिय विभेद अन्धविश्वास समाज बाट न्युनिकरण का लागि सचेतिकरण कार्यक्रम संचालन गरिने छ ।
- बुढेसकालको साहारा लठ्ठी : यस नगरपालिका भित्रका जेष्ठ नागरिकहरु लाई हिडडुलमा सहजताका लागि बुढेसकालको साहरा लठ्ठी भन्ने कार्यक्रम संचालन गरी आधुनिक हाते लठ्ठी वितरण गर्ने ब्यबस्था मिलाईने छ ।
- यस नगरपालिका भित्रका १४ वटै वडामा जेष्ठ नागरिक र बालबालिका संग नगर प्रमुख कार्यक्रम संचालनमा रहेकाले उक्त कार्यक्रम लाई यो आर्थिक बर्षमा पनी निरन्तरता दिईने छ ।

- छायाँनाथ रारा नगरपालिका भित्रका टुहुरा बालबालिकाको लागि सहयोग बालआश्रम,अनाथ, अलपत्र र विपत्तमा परेका बालबालिका लाई सहयोग गर्ने ब्यबस्था मिलाईने छ ।
- जवानी अबस्थामा एकल हुन बाध्यभएका एकल महिलाहरुको लागि सिपमुलक तालिम प्रदानगरी आर्यआर्जनमा उन्मुख गराईने ब्यबस्था मिलाईने छ ।
- वालविवाह,बहुविवाह जातिय छुवाछुत तथा भेदभाव मानव बेचविखान तथा वसारपोसार,अन्धविस्वाश र छाउपडी जस्ता सामाजिक कुरिती एवम् कुप्रथा अन्त्य गर्न छायाँनाथ रारा नगरपालिकाले गैरसरकारी संघसस्था र समुदायमा आधारित सस्थासंग सहकार्य गरिने छ ।
- नगर उप प्रमुख संग युवा स्वरोजगार कार्यक्रम आगामी आर्थिक बर्षपनी निरन्तता दिईने छ ।
- महिला उत्थानका लागि महिला हेल्पडेक्स बाट जनचेतना मुलक कार्यक्रम सञ्चालन गरीने छ ।
- नगर उप प्रमुख संग एकल महिला  सम्बन्धित विभिन्न कार्यक्रम हरु यो बर्ष बाट सुरु गरीने छ ।

## ९.सुचना तथा सञ्चार :

- पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत सञ्चारसँग सम्बद्ध निकायहरूसंग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ
- सुशासन एवम् पारदर्शितालाई मुल मन्त्रमानी सञ्चार माध्यमलाई मर्यादित एवम् सम्मानित र जिम्मेवार बनाउन आवश्यक पहल गर्नुका साथै क्षमता अभिवृद्धिका कार्यक्रम लाई निरन्तता दिईने छ ।
- जिल्लामा क्रियाशिल पत्रकारहरुको पत्रकार महासंघ संग समन्वय गरेर उनिहरुको जिवन  सुरक्षका लागि यो आर्थिक बर्ष बाट लागु हुने गरि जोखिम जीवन विमाको व्यबस्था गरिने छ ।
- नेपाल पत्रकार महासंघमा आवद्ध पदधिकारीहरु लाई सिकाई आदान प्रदानका लागि अन्य जिल्ला भम्रण गर्ने ब्यबस्था मिलाईने छ ।
- यस नगरपालिका भित्र आफनो कार्यक्षेत्र बनाई संचालनमा रहेका सामुदायिक रेडियो,स्थानीय पत्रपत्रिका,अनलाईनहरु लाई उनिको संस्थागत विकासका लागि प्रस्तावना माग गरी अनुदान उपलब्ध गराईने छ ।
- नगर समृद्धिको अभियान संचालन गरी रेडियो कार्यक्रम जनता संग नगर प्रमुख र जनता संग उप प्रमुख तथा वडास्तरमा जनता संग जनप्रतिनिधी कार्यक्रम संचालनमा ल्याई नगर समृद्धिमा जुट्न सबै नागरिक लाई सु -सुचित गराईने कार्यक्रम लाई निरन्तता दिईने छ ।
- छायाँनाथ रारा नगरपालिका ग्रामिण भेग क्षेत्रमा अहिले पनि नेटवर्क समस्याका कारण नागरिक टेलिफोन तथा मोवाईल सेवा बाट बञ्चित छन । उनिहरुको

समस्या समधान गर्न सेवा विस्तारका लागि नेपाल टेलिकम संगको समन्वयमा टेलिफोन सेवा मोवाईल विस्तारमा जोड दिईने छ ।

## १०.वातावरण संरक्षण तथा विपद् व्यवस्थापन :

- विपत व्यवस्थापन कोष बाट प्रभावित नागरीकलाई राहत प्रदान गर्ने व्यवस्था लाई निरन्तता दिईने छ ।
- ठुला आयोजना तथा भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरीनुका साथै निर्माण गर्नु पुर्व वातावरणिय प्रभाव मुल्याकंन गर्ने व्यवस्था मिलाईने छ ।
- नगर क्षेत्र भित्र रहेका नाँगा डाँडा तथा नदि, खोला किनाराहरुमा बृक्षारोपण गर्न सम्बन्धीत निकाय संग समन्वय तथा सहकार्य गरी बृक्षारोपण मार्फत प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- जोखिम ठाउँमा पहिचान गरि यो आर्थिक बर्षमा प्रत्येक वडामा २ ठाउँमा तड्बन्धन कार्यलाई अगाडी बढाईने छ ।
- नगरपालीका भित्र रहेका गमगढी बजार लगायत अन्य जोखीम बस्तीहरुमा आगलागी नियन्त्रणका लागी दमकल जाने बाटो र दमकलको ब्यबस्था गरीने छ ।
- एक मुख दश रुखको अभियान लाई निरन्तता दिदै भु-संरक्षण एवम् पहिरो नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम संचालन गरी एक जना ब्यक्तिले १० विरुवा अनिवार्य रुपमा लगाउनु पर्ने नीति लाई निरन्तता दिईने छ ।

## ११ सामाजिक संस्था सेवा प्रवाह र सुशासन :

- नगर तथा वडा कार्यालयमा सुझाव/गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउंदै सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइने छ ।
- नगर र वडास्तरबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विद्युतीय शासन गुरुयोजना -e–Governance Master Plan_ तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ साथै वडा, स्वास्थ्य संस्था तथा सामुदायिक माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी जडान गरिने छ ।
- भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासको समस्या समधान सम्बन्धमा भुमि समस्या समधान आयोग संग समन्वय सहकार्य गरी भुमि सम्बन्धि ऐन २०२१ र भुमि समस्या गठन आयोग गठन आदेश २०८१ बमोजिम सक्रियतापुर्वक यहि आर्थिक बर्षभित्र समस्या समधान अवलम्बन गरिने छ ।
- “समानता, सामाजिक न्याय र समावेशिताः नगरको सुन्दरता” भन्ने अपेक्षित मर्मलाई आत्मसात् गर्दै नगरको समग्र विकासमा समानुपातिक समावेशितालाई अवलम्बन गरिने छ ।
- कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ । साथै उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई नगद पुरस्कार सहित सम्मान गरिने छ ।

- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न हरेक चौमासिकमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सदाचार नीतिलाई प्रवर्द्धन गरिने छ । भ्रष्टाचार निर्मुल गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।
- छायाँनाथ रारा नगरपालीका भित्रका १ देखि १४ वडाका दलीत घरधुरी हरुलाई प्रत्येक बर्ष दशैंमा,जुवारे, पिठायाँ भक्ता बापत पहिलो चरणमा रु २५ सयका दरले उपलब्ध भई सकेकाले यो बर्ष ५ सय थप सहित ३ हजारका दरले यो सेवा वृद्धि संगै निरन्तता दिईने  छ । आगमि आ.व बाट सबै दलित घरधुरीहरुलाई १ घर १ विमा गरिने छ ।
- योग गरौ निरोगी बनौ : यो नारा लाई मुर्तरुप दिन पतनजञ्ली योग समितिको समन्वयमा हरेक वडा वस्तीमा योग कक्षा संचालन गरी सकरात्मक सोचको बिकासका लागि अभिप्रेरित गरिने छ ।
- कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिस्पर्धी र प्रभावकारी बनाइनेछ। साथै कर्मचारीको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्यसम्पादन गर्ने जिम्मेवारी दिइने छ ।

१४ राजश्व परिचालन तर्फ

- सवै वडालाई प्रविधिसँग जोड्दै सवै प्रकारका कर राजश्व Online प्रणालीबाट नै सङ्कलन गर्ने व्यवस्था मिलाइने छ । कर तथा राजस्व सङ्कलन प्रक्रियालाई थप प्रभावकारी बनाउन विद्युतीय भुक्तानी -Connect IPS, विभिन्न बैंक तथा वित्तीय संस्था  र मोबाइल वालेट) सेवा प्रदायकसँग समन्वय गरी QR Code द्वारा भुक्तानी हुने व्यवस्था गरिने छ ।
- नदीजन्य पदार्थको जरिवाना असुलीलाई राजश्व बृद्धिको आधारको रुपमा अपनाउन निषेधित क्षेत्र, समय र स्थान तथा प्रचलित कानुन विपरितका नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी जस्ता क्रियाकलापमा पूर्णतः रोक लगाइने छ ।
- व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई अद्यावधिक गर्नका लागि कार्यालयमा व्यवसाय दर्ता गरी लामो समयसम्म व्यवसाय नवीकरण नगरेका तथा अन्य कार्यालयमा दर्ता गरी यस कार्यालयमा दर्ता नगरेका व्यवसायीलाई करको दायरभित्र ल्याउन नगर कर सहजकर्ता परिचालन गरिने छ ।
- “कर तिर्नु सम्मानित हुनु हो” भन्ने भावना जगाउन करदाता सम्मानलगायतका प्रबर्द्धनात्मक र प्रचारात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सातर्फ

- स्तनपाई आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- पतञ्जली योग समिति र जीवन विज्ञान लगायतका योगाभ्यास प्रवर्द्धनमा क्रियाशील रहेका संघ-संस्थासँग समन्वय र सहकार्यमा नगर क्षेत्रमा योगाभ्यासलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।
- **नगरसभा सदस्यज्यूहरु,**
- प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई नगरको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

  अन्त्यमा नगरको सर्वाङ्गीण विकासमा योगदान पुर्याउने नगरसभाका सदस्य, प्रमुख अथिति,विशिष्ठ अथिति,अथितिगण,राजनैतिक दल, राष्ट्र सेवक कर्मचारी, शिक्षक, सञ्चारकर्मी, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार र विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीवीलगायत सम्पूर्ण नगरवासीमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।

<u>प्रस्तुत कर्ता</u>

बिष्णु कुमार भाम

नगर प्रमुख